जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ • अंक ३५८ • २०८२ असोज ३० गते बिहिवार • 16 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# लोसपाको नेता जितेन्द्र सोनल अन्ततःमधेश प्रदेशको चौंथो मुख्यमन्त्री नियुक्त

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ असोज**

मधेश प्रदेशको मुख्यमन्त्रीमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता जितेन्द्र सोनल नियुक्त भएका छन् ।

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले उनलाई मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन् । संविधानको धारा १६८ को उपधारा २ बमोजिम उनलाई मुख्यमन्त्रीमा नियुक्त गरिएको हो । आजै ६ दलको समर्थनमा उनले ५७ प्रदेश सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुख कार्यालयमा मुख्यमन्त्री नियुक्तिको लागि दाबी पेश गरेका थिए । आजै जनमतका १३ प्रदेश सांसदसमेतको आफ्नो समर्थन रहेको भन्दै काङ्ग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले समेत मुख्यमन्त्री नियुक्तिका लागि दाबी पेश गरेका थिए । यद्यपि जनमतले त्यसलाई खण्डन गरेपछि प्रदेश प्रमुख कार्यालयले सोनललाई नै समर्थन दिएको स्रोतले बतायो । मुख्यमन्त्री नियुक्तिलाई लिएर मधेश प्रदेश प्रमुख कार्यालयमा दुवै पक्ष पुगेपछि तनावसमेत भएको थियो । कित्ता फेरेर जनमतले सोनललाई समर्थन गरेपछि काङ्ग्रेस र एमाले जनमत फोडेरै भएपनि आफूहरूको नेतृत्वमा सरकार बनाउने प्रयासमा थिए ।फलस्वरूप जनमतबाट आज निवर्तमान मुख्यमन्त्री सतिश कुमार सिंह र पूर्व वनमन्त्री त्रिभुवन साह ‘दीपक’ सह-नेतृत्वको जनस्वाराज पार्टी (जस्वपा) मा सनाखत गरेका छन् ।निर्वाचन कार्यालयमा सनाखत गर्न निवर्तमान मुख्यमन्त्री सिंह पुगेपछि उनलाई रोक्न जनमतका नेता कार्यकर्ताले प्रयास गरेका थिए । त्यस क्रममा सामान्य झडप समेत भएको थियो ।



# डा. सीके राउत नेतृत्वको जनमत पार्टी विभाजित,निवर्तमान मुख्यमन्त्री सिंह जस्वपामा प्रवेश

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ असोज**



मधेशका परम्परागत राजनीतिक दलहरूको विकल्पको रुपमा २०७९ सालको चुनावबाट उदाएको डा. सीके राउत नेतृत्वको जनमत पार्टी करिब तीन वर्षमै आन्तरिक सत्ता राजनीतिको झगडाका कारण छिन्नभिन्न भएको छ । मधेश प्रदेशको नेतृत्व गर्ने अवसर समेत पाएको यो दलमा सत्ताकै विषयलाई लिएर चुलिएको असन्तुष्टिले विभाजनको तहमा पुऱ्याएको छ ।

अध्यक्ष राउतले कारबाही गरेका संस्थापक नेताहरूको दीपककुमार साहसहितको एक समूहले नयाँ दल गठन गरेको छ । अर्कोतर्फ, पार्टीभित्र असन्तुष्टि बढ्दै गएपछि उपाध्यक्ष अब्दुल खानसहितका उच्च तहका नेताहरूको समूहले यसअघि नै दल त्यागेका छन् । मधेशमा मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेशमा नयाँ सरकार बनाउने क्रममा बुधबार जनमतबाट फुटेको पार्टीको पक्ष लिएपछि मधेशमा राजनीतिक उथलपुथलकै अवस्था आएको छ। नयाँ मुख्यमन्त्री नियुक्तिलाई लिएर मधेश प्रदेश प्रमुख कार्यालयमा तनाव, सेनाको सुरक्षाः २०७५ सालमा ‘स्वतन्त्र मधेश गठबन्धन’ को नाम परिवर्तन गरी राउतले जनमत पार्टी बनाएका थिए। गत निर्वाचनमा भाग लिएर मधेशको बलियो शक्तिको रुपमा आफूलाई उभ्याउने प्रयत्न गरेको जनमतको पछिल्लो समय आन्तरिक किचलोमा फस्दै गएको थियो । ‘प्रभावशाली’ नेताहरू पार्टी परित्याग गरिरहेकै बेला मधेशको सत्ताको नेतृत्वबाट समेत जनमतले गुमाएको छ ।मधेशमा सरकारको नेतृत्व मात्रै गुमाएन, संसदीय दल दुई कित्तामा देखिएको छ ।

मुख्यमन्त्रीबाट हटेका सतिशकुमार सिंह नयाँ दल जनस्वराज पार्टी (जस्वपा) को पक्षमा देखिएका छन् । जनमतकै पूर्वमन्त्री त्रिभुवन साह समेत जनस्वराज पार्टीमा लागेका छन् । जनस्वराज पार्टीमा सनाखत गर्न निर्वाचन कार्यालयमा उनीहरू दुई जना पुग्दा बुधबार दिउँसो दुई दलको झडप भयो । संस्थापक नेताहरू बाहिरिएः अध्यक्ष राउतसँग मतभेद बढ्दै जाँदा कारबाही भोगेका शीर्ष तहका नेताहरूले अलग्गै दल गठन गरेका छन् ।उपाध्यक्ष र अनुशासन समितिको संयोजक समेत रहेका दीपककुमार साहलाई पार्टीबाट हटाइएको थियो । उनै साहको नेतृत्वमा जस्वपा गठन गरिएको छ । नवगठित दल गठन गर्दा साहले जनमतकै नेता कार्यकर्ता तानेका छन् । जनमतका संस्थापक नेताहरू सम्मिलित गरेर जनस्वराज पार्टी निर्माण गरिएको छ । जस्वपाका अध्यक्ष साहका अनुसार १५ सदस्यीय कमिटीका सबै जना जनमतका संस्थापक नेताहरू हुन् ।

मधेशमा जितेन्द्र सोनललाई मुख्यमन्त्री नियुक्त गर्न दाबी पेस जस्वपामा तीन उपाध्यक्षहरूमा सुरज सिंह, सुरेन्द्र नारायण यादव, शम्भुनाथ साह रहेका छन् । सचिवमा हेमलता देवी, सुनिलकुमार यादव र सञ्जयप्रसाद यादव छन् ।

जनमत त्यागेका र कारबाहीमा परेका नेताहरूले गठन गरेको नयाँ दललाई निर्वाचन आयोगले मान्यता दिएको छ। जस्वपा दलका अध्यक्ष साहले जनमतका अध्यक्ष सीके राउतको हैकमवादी सोंचका कारणले उक्त दलमा क्षति पुगेको बताउँछन् । साहले भने,‘एक जना आफू राजा हुन पाए सीकेलाई पुग्ने रहेछ । पार्टी एक सिट जिते पनि उनले आफूलाई राजा नै ठान्छन् ।’

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627




Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



## सम्पादकीय...................

# विवेकपूर्ण उपभोग र आलोचनात्मक हुन जरुरी

हाम्रो समाजमा एक अचम्मको मनोवैज्ञानिक र सांस्कृतिक प्रवृत्ति फैलिँदो रहेको देखिन्छ । जो चर्को बोल्छ, जसले घृणाका शब्दले दुत्कार्छ, त्यही 'साहसी' र 'साँचो' ठानिएको देखिन्छ। विचारको गहिराइ, तर्कको मजबुती वा तथ्यको स्पष्टताभन्दा स्वरको तीव्रता र भावनात्मक उग्रता नै धेरैलाई प्रभावकारी लाग्न थालेका छन । समाजले 'इमोसनल ब्ल्याकमेलिङ'को भाउ दिन्छन । इतिहासमै, ठूला स्वर र कठोर शब्दहरू प्रायः शक्तिशाली व्यक्तिसँग जोडिएको छ। धेरैलाई लाग्छ– जसले बिना डर ठूला शब्द बोल्यो, उसैसँग साहस रहेको देखिन्छ, तर वास्तविक साहस भनेको चर्को बोलाइ होइन, कठिन समयमा पनि संयमित रहन सक्ने क्षमता रहेको छ ।

असमानता, बेरोजगारी र राजनीतिक असन्तोषको वातावरणमा मानिसहरूको मनमा दबिरहेका आक्रोशलाई कोही चर्को स्वरमा बोल्नेले बाहिर ल्याउँछन । उनीहरूको भाषामा घृणा भए पनि, पीडित वा असन्तुष्ट वर्गलाई लाग्छन । यो त मेरो पक्षमा बोल्दैछन । तसर्थ चर्को स्वर हौसिन्छन । मान्छे आवाज हेर्छ, उसको पृष्ठभूमि हेर्दैन । विगतका कर्तुत हेर्दैन, वर्तमानको चर्को आवा र घृणा पोखिएको स्वरमा दम देख्छन । यही चेतनशील प्रतिरोध नै हाम्रो समाजलाई भ्रम र भयको बजारबाट मुक्त गराउने सबैभन्दा ठोस बाटो रहेको छ । नेगेटिभिटीको बजार तबसम्म चलिरहन्छ, जबसम्म हामी ग्राहक बन्छौं । सचेतताले मात्र यो बजार तोड्छ । अन्तमा विवेकपूर्ण उपभोग र आलोचनात्मक सोच नै वास्तविक प्रतिरोध रहेको देखिन्छ ।

# शिवजी महतो आफ्नै गाउँमा लाखौं कमाइ गर्न सफल

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २९ असोज**

विदेशी भूमिमा कामको खोजीमा समय बिताएका लहान नगरपालिका-३ का शिवजी महतो अहिले आफ्नै गाउँमा लाखौं कमाइ गर्न सफल हुनुभएको छ। भारतका विभिन्न सहरमा वर्षौंदेखि पसिना बगाएका महतोले अहिले सिराहाको लहानमा फूलखेतीमार्फत आम्दानी गरिरहनुभएको छ।



महतोले १४ वर्षअघि दुई कट्ठा जमिनबाट सुरु गरेको व्यावसायिक फूलखेती अहिले दुई बिघामा विस्तार भइसकेको छ। उहाँले मुख्यतया तिहार पर्व र विवाहको यामलाई लक्ष्य गरी मखमली, सयपत्रीलगायतका फूल उत्पादन गर्दै आउनुभएको छ। "नर्सरीको व्यापार वर्षको केही महिना मात्र चल्ने भएकाले फूलखेती सुरु गरेको हुँ। अहिले फूल र नर्सरी दुवैबाट मनग्य आम्दानी भइरहेको छ", महतोले भन्नुभयो। हाल उहाँले नर्सरीमा लिची, आँप, सुनकागती लगायतका झण्डै ६० हजार बिरुवा उत्पादन गर्दै आउनुभएको छ। फूलखेतीमार्फत मात्र वार्षिक रु. २५ लाखसम्मको आम्दानी हुने गरेको उहाँले बताउनुभयो । साथै महतोले १० जनालाई रोजगारीसमेत दिनुभएको छ।

लहानमा व्यावसायिक रूपमा फूलखेती सुरु गर्ने पहिलो व्यक्ति मानिने महतो भन्नुहुन्छ, "विदेशमा जति मेहेनत गरिन्छ, त्यति मेहेनत यहाँ गरे घरमै बसेर कमाइ गर्न सकिन्छ।" उहाँले कृषिकर्ममा पुर्याउनुभएको योगदानलाई मूल्याङ्कन गर्दै लहान नगरपालिकाले दुईपटक र कृषि ज्ञान केन्द्र सिराहाले दुईपटक 'उत्कृष्ट कृषक'को सम्मानसमेत प्रदान गरिसकेको छ।

"पूर्वमा काकरभिट्टादेखि पश्चिममा दाङबाट फूलको माग हुन्छ", महतो बताउनुहुन्छ, "मागअनुसार प्याकिङ गरेर बसमार्फत पठाउने गर्छु।" आगामी तिहारमा रु. १५ लाखबराबरको फूल बिक्री गर्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो। यद्यपि हालैको लगातार वर्षाले मखमलीमा डढुवा रोग देखिएकाले उत्पादनमा केही असर पर्ने उहाँको अनुमान छ। महतोले यस वर्षदेखि लहान-१३ मा एक बिघा क्षेत्रफलमा केराखेती पनि सुरु गर्नुभएको छ । कृषिमा निरन्तर लगाव, परिश्रम र प्रतिबद्धताले उहाँ यस क्षेत्रका अरु किसानका लागि प्रेरणाको स्रोत बनाएको छ।

## तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

### पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।





३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक, तथा लामो कुराकानी नगर्नुहोस् · ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैंसँग राख्नुहोस् ।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् । जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५ र ११३३

५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा सँगै लानुहोस् ।

अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# घट्यो पेट्रोलको मूल्य, डिजेल र मट्टीतेल यथावत्



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २९ असोज**

नेपाल आयल निगमले भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आएकोमा पेट्रोलको मूल्य प्रतिलिटर २ रुपैयाँ घटाएको छ। पेट्रोलको नयाँ मूल्य काठमाडौं, पोखरा र दिपायलमा लिटरको १ सय ५९ रुपैयाँ कायम गरिएको छ। डिजेल र मट्टीतेलको मूल्य यथावत राखिएको निगमले जनाएको छ। २९ असोज, काठमाडौं । भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आएसँगै नेपाल आयल निगमले पेट्रोलको मूल्य घटाएको छ। आज राति १२ बजेदेखि लागु हुने गरी पेट्रोलको मूल्यमा प्रतिलिटर २ रुपैयाँ घटाउने निर्णय भएको निगमले जनाएको छ। डिजेल र मट्टीतेलको मूल्य भने यथावत राखिएको छ।अब पेट्रोलको मूल्य काठमाडौं, पोखरा र दिपायलमा लिटरको १ सय ५९ रुपैयाँ कायम भएको छ।

## तपाईंको टुडे

मेषः मित्रतामा फाटो आउने
वृषः लामो यात्राको योग छ
मिथूनः अनावश्यक चिन्ता
कर्कटः पिछडेको साथी मिल्ने
सिंहः खानपानमा समस्या आउने
कन्याः आम्दानी हुने
तुलाः अनावश्यक खर्चको संभावना
वृश्चिकः शुभ कार्यको शुरुवात
धनुः विचार गरेर बोल्नुहोला
मकरः मनमा पछुतो आउने
कूम्भः अशुभ समाचार प्राप्त हुने
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जलेश्वरको धानखेतमा जीवित नवजात शिशु फेला

जलेश्वरटुडे समाचारदाता
जलेश्वर, २९ असोज



महोत्तरीको जलेश्वर नगरपालिका-४ स्थित एक धानखेतमा आज दिउँसो एक नवजात शिशु जीवितै फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक (प्रनाउ) शैलेन्द्र भट्टका अनुसार भार्गवसर पोखरी नजिकको खेतमा अन्दाजी १५/१६ दिनको पुरुष शिशु फेला परेको हो। दिउँसो करिब २ बजे घाँस काट्न गएका स्थानीयवासीले शिशुलाई देखेपछि तत्काल प्रहरीलाई खबर गरेका थिए। हल्का निलो रङको लुगा लगाइएको र गुलाबी रङको कपडामा बेरिएको अवस्थामा रहेको शिशुलाई फेला पारिएलगत्तै प्रहरीले उद्धार गरी तत्काल स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर पुर्‍याएको हो। अस्पताल स्रोतका अनुसार शिशुको स्वास्थ्य अवस्था पूर्ण रूपमा सामान्य रहेको छ। शिशु कसले र किन धानखेतमा छाड्यो भन्ने विषयमा प्रहरीले अनुसन्धान थालेको छ। जिल्ला प्रहरी कार्यालयले यस सम्बन्धमा सबै प्रहरी युनिटलाई खोजतलासका लागि सूचित गरिसकेको प्रनाउ भट्टले जानकारी दिए।

# टोल विकास संस्थाबीच अनुभव आदान-प्रदान तथा समुदाय परिचालन दुई दिने तालिम सम्पन्न

आरजे इर्शाद शेख
ढल्केबर, २९ असोज



समुदायस्तरमा विकास, सशक्तीकरण तथा समावेशी सहभागिता अभिवृद्धिका लागि आयोजित दुई दिने "अनुभव आदान-प्रदान तथा समुदाय परिचालन तालिम" ढल्केबरमा सफलतापूर्वक सम्पन्न भएको छ।

क्गउउयचत ल्भउर्बा को आयोजनामा र प्च्क्ष्- ध्गकतचयध (जर्मनी) को सहकार्यमा सम्पन्न तालिम असोज २८ र २९ गते ढल्केबरस्थित होटल कोमलमा सञ्चालन भयो। तालिममा प्रदेश २ अन्तर्गतका विभिन्न स्थानीय तहबाट प्रतिनिधिहरूको सहभागिता रहेको थियो। तालिममा मटिहानी नगरपालिका, धनौजी गाउँपालिका, क्षीरेश्वरनाथ नगरपालिका र बरहथवा नगरपालिका अन्तर्गतका टोल विकास संस्थाहरूका पदाधिकारीहरू र नागरिक सहायता कक्षका प्रतिनिधिहरू सहभागी थिए। मटिहानी नगर पालिकाबाट राम जानकी र बजार टोल विकास संस्थाका १० जना पदाधिकारी तथा नागरिक सहायता कक्षका अंशु कुमार साह सहभागी थिए। धनौजी गाउँपालिकाबाट भैरव र सलहेस टोल विकास संस्थाबाट १० जना प्रतिनिधि तथा नागरिक सहायता कक्षकी बिना मण्डल सहभागी थिइन्। क्षीरेश्वरनाथ नगर पालिकाबाट चार टोल विकास संस्थाका ६ जना पदाधिकारी सहभागी थिए। बरहथवा नगरपालिकाबाट दुई संस्थाबाट ३ जना पदाधिकारी उपस्थित थिए। अनुभवको साझेदारी, नयाँ सन्दर्भमा अभ्यास तीन वर्षअघि गठन भएका क्षीरेश्वरनाथ र बरहथवा नगरपालिकाका संस्थाहरूले तालिममा आफ्ना अनुभव, सिकाइ र सामना गरेका चुनौतीहरू साझा गरे। ती अनुभवहरू हालै गठन भएका संस्थाहरूका लागि मार्गनिर्देशन हुने अपेक्षा गरिएको छ। कार्यक्रम संयोजकका अनुसार, "स्थानीय तहको समुन्नत विकासका लागि समुदायको सक्रिय नेतृत्व र सहकार्य अपरिहार्य छ।

# ट्रेलरमा यस्तो देखियो तक्मेबुढाको फिल्म 'मैझारो'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ असोज



विल्सन विक्रम राई (तक्मेबुढा)को लेखन तथा निर्देशन रहेको फिल्म 'मैझारो'को ट्रेलर सार्वजनिक गरिएको छ।

निर्माण टिमले मंगलबार सार्वजनिक गरेको तीन मिनेट ४९ सेकेण्डको ट्रेलरमा प्रेमका एक व्यक्तिले गर्ने संघर्ष र त्यसपछि उत्पन्न समस्यालाई प्रस्तुत गरिएको छ। ट्रेलरमा फिल्मका मुख्य कलाकार धीरज मगर, मिरुना मगर, दिया पुनदेखि दयाहाङ राईसम्म देखिएका छन्। निर्देशक विल्सन आफैं पनि देखिएका छन्।

निर्देशक राईकै कथा रहेको फिल्म पूर्वको इलाम पाँचथर आसपासमा खिचिएको हो। तक्मे प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा बुद्धि तामाङ, सुनिल थापा, पुस्कर गुरुङ, अभयराज बराल, माउत्से गुरुङ, कविता आले, रजनी गुरुङ, प्रेम सुब्बा, उदय सुब्बा, अनिल सुब्बा, भूपेन्द्र लिङदेन र विशाल लिम्बू लगायतका कलाकारको पनि अभिनय छ। फिल्मका गीतमा अनमोल गुरुङ र तोरेम्पाहाङ राईले संगीत भरेका छन्। सौरभ लामाको छायांकन रहेको फिल्म फिल्मको वितरण जिम्मा आरआर फिल्मसले लिएको छ। डिजिटल अधिकार भने ओएसआरले लिएको छ।

फिल्म तिहारको भाइटीका अर्थात् कातिक ७ गतेबाट देशभर रिलिज हुँदै छ।

# नेपालले हराएको सिंगापुरसँग हार्दा भारत एसियन कप छनोटबाट बाहिरियो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ असोज



विश्वकै सबैभन्दा धेरै जनसंख्या भएको देश भारत एएफसी एसियन कप फुटबलमा छनोट हुन सकेन। नेपालले पराजित गरेको टिम सिंगापुरसँग २-१ ले पराजित भएपछि भारतको एसियन कपमा पुग्ने सम्भावना समाप्त भएको हो।

गोवाको पन्डित जवाहरलाल नेहरु स्टेडियममा भएको खेलमा भारतले पहिले अग्रता लिएपनि जोगाउन नसक्दा पराजित भएको हो। लाललिएन्जुएला चाङ्टेले १४औं मिनेटमा भारतका लागि गोल गरेका थिए। तर सोङ-यी योङले दुई गोल गर्दै सिंगापुरलाई जित दिलाए। योङले ४४औं मिनेटमा बराबरी गोल गरे भने ५८औं मिनेटमा विजयी गोल गरेका थिए। नेपालले गत मार्चमा भएको मैत्रीपूर्ण खेलमा सिंगापुरलाई उसैको मैदानमा १-० ले पराजित गरेको थियो। पछिल्लो दुई संस्करण लगातार एसियन कप खेलेको २०१५ पछि पहिलो पटक एसिया कपमा देखिने छैन। पछिल्लो चार मध्ये तीन संस्करण एसिया कप खेलेको भारत २०१५ मा भने छनोट भएन।

एसियन कप छनोटको तेस्रो चरणमा समूह सी मा रहेको भारत सिंगापुरसँग हारेपछि ४ खेलबाट २ अंकसहित तेस्रो स्थानमा छ। भारतले अझै दुई खेल खेल्न बाँकी छ। तर पछिल्लो नतिजापछि बाँकी दुई खेलले कुनै फरक नपार्ने भएको हो।

यस समूहमा हङकङ र सिंगापुर दुई जित र दुई बराबरी सहित समान ८ अंक जोडेर शीर्ष दुई स्थानमा छ। भारतसँगै २ अंक नै रहेको बंगलादेशपनि एसियन कप होडबाट बाहिरिसकेको छ। तेस्रो चरणमा छनोटमा भारतले कुनै पनि खेल जित्न सकेको छैन।






# निर्वाचनको वातावरण बनाऔं




-सबै पक्षका बीच प्रभावकारी संवादका माध्यमबाट अहिलेको घृणा, आक्रोश र प्रतिशोधको राजनीतिलाई सम्मान, सहिष्णुता, भाइचारा र सहअस्तित्वको राजनीतिमा विकास गरौं । यसले तत्काल निर्वाचनको वातावरण मात्र बनाउने छैन, देश पुनर्निर्माणको यात्रालाई पनि सहज र प्रभावकारी बनाउनेछ । 'मिसन ८४' भन्दै अभियान सञ्चालन गरिरहेका राजनीतिक दलका लागि देशको बदलिँदो परिवेशले फागुन २०८२ मा निर्वाचनमा भाग लिनुपर्ने बाध्यता सिर्जना गरिदिएको छ ।

भ्रष्टाचार र सामाजिक सञ्जाल बन्दको विरुद्धमा जेन-जीले गरेको आन्दोलनले कांग्रेस र एमाले नेतृत्वको सरकार विस्थापित भई पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ भने प्रतिनिधिसभा विघटन गरिएको छ । यो सरकारको मुख्य म्यान्डेट नै फागुन २१ मा निर्वाचन गर्ने रहेको छ । शान्तिपूर्ण भनिएको आन्दोलन हिंसात्मक बनेपछि ठूलो जनधनको क्षति मात्र भएन, नेपालीले दशकौं संघर्ष र बलिदान गरेर निर्माण गरेको संविधानमाथि पनि प्रहार भएको छ । आमनेपालीले कल्पनासमेत नगरेको घटनाले संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामाथि समेत खतरा पैदा भएको छ । यस्तो अस्थिर र तरल राजनीतिक परिवेशमा देशी/विदेशी तत्त्वले खेल्ने, नेपाली जनताले अहिलेसम्म प्राप्त गरेका सबै उपलब्धि गुम्ने र देश अँध्यारो सुरुङमा प्रवेश गर्ने जोखिम पनि देखिँदै छ ।

यस्तो गम्भीर र जटिल अवस्थामा फसेको देशलाई आन्दोलनकारी, सरकार, राजनीतिक दलहरू र नागरिक समाजले अत्यन्तै जिम्मेवारीपूर्वक निकास दिन सक्नुपर्छ । यो निकासको एक मात्र उपाय भनेको निर्वाचन नै हो । कतिपय दलले प्रतिनिधिसभा पुनःस्थापनाको कुरा गरेको भए पनि अहिलेको गतिरोधको उचित निकास निर्वाचन नै हो । तर, निर्वाचन तोकिएकै मितिमा स्वतन्त्र, निष्पक्ष, पारदर्शी र भयरहित वातावरणमा सम्पन्न गर्नु अनिवार्य छ । यसका लागि सबैभन्दा पहिला प्रभावकारी सर्वदलीय सञ्चार र संवादमार्फत निर्वाचनको वातावरण बनाउन आवश्यक छ । जेन-जीका माग र निर्वाचनः पुराना दललाई सत्ताबाट हटाएर जेन-जीकै चाहनाअनुसार अन्तरिम सरकार गठन गरिनु, भ्रष्टाचार अन्त्य राष्ट्रिय मुद्दा बन्नु, सबै पार्टीमा नेतृत्व परिवर्तनसहित रूपान्तरणको बहस हुनु जेन-जी आन्दोलनका उपलब्धि हुन् । तर, जेन-जीका मागलाई दिगो रूपमा संस्थागत गरी जनतामा परिवर्तनको अनुभूति दिलाउने मुख्य माध्यम भनेको निर्वाचन हो ।

निर्वार्चनका माध्यमबाट जनताप्रति उत्तरदायी, सुशासनप्रति प्रतिबद्ध नयाँ जनप्रतिनिधि चयन गर्ने, दुईतिहाइ मत ल्याएर आफूअनुकूल संविधान संशोधन गर्ने र देशमा आमूल परिवर्तन गर्ने अवसर प्राप्त हुन सक्नेछ । आन्दोलनबाट प्राप्त उपलब्धिलाई गुम्न नदिन जति निर्वाचनको आवश्यकता छ, त्यति नै मात्रामा निर्वाचनको वातावरण बनाउन जेन-जीले नै अग्रसरता देखाउन पनि अनिवार्य छ । आन्दोलनपछि अन्तरिम सरकार गठन भएको र संसद् विघटन भएको छ । यो कदमलाई आन्दोलनले निम्त्याएको गम्भीर संकटबाट देशलाई निकास दिने सर्तमा तत्कालीन अवस्थामा सबै पक्षले स्वीकार गरेको देखिन्छ । यद्यपि, यसको संवैधानिक र न्यायिक परीक्षण हुन बाँकी नै छ । यो खालको संवैधानिक, कानुनी, राजनीतिक संकट र यसले सिर्जर्ना गरेको अस्थिरता, अन्योल र तरलताको अवस्थाले कति बेला के हुन्छ, अनुमान गर्न कठिन छ । देशको राष्ट्रियतामाथि प्रहार हुने र थप द्वन्द्व निम्तिने सम्भावना पनि उत्तिकै छ । यसैले तोकिएको समयमा निर्वाचन गरी वैधानिक सरकारलाई सत्ता हस्तान्तरण गर्ने र अहिलेको संक्रमणकालबाट देशलाई संवैधानिक र लोकतान्त्रिक दिशामा फर्काउने कार्यभार पूरा गर्न जेन-जीहरू अत्यन्तै जिम्मेवार बन्न आवश्यक छ ।

स्मरण रहोस्, जेन-जीको उग्रता, प्रतिशोध र सानो असावधानीले कथम् निर्वाचन हुन सकेन भने अहिलेभन्दा थप जटिल समस्या आउने र त्यसको दोष जेन-जीमाथि आउने खतरा पनि रहनेछ । निर्वाचनको वातावरण : लोकतन्त्रमा जनताको मत नै सर्वोपरि हुने हुँदा निर्वाचनका माध्यमबाट नयाँ जनमत लिने कुरालाई दलहरूले अन्यथा लिन मिल्दैन । तर, यसका लागि आवश्यक भरपर्दो वातावरण भने अनिवार्य हुन्छ । जेन-जी आन्दोलनमा भदौ २३ मा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गर्दा भएको ठूलो मानवीय क्षति र २४ को प्रदर्शनका क्रममा जेन-जीका नाममा देशी-विदेशी प्रतिगामी र आपराधिक तत्त्वले गरेको विध्वंसले क्षणभरमा देश खरानी बनेको दृश्यले नेपाली मन अहिलेसम्म विक्षिप्त नै छ । राष्ट्रिय एकताको प्रतीकका रूपमा रहेको राष्ट्रपति भवनदेखि देशको धरोहर, इतिहास, गौरवका रूपमा रहेका संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतदेखि देशभरका कैयौं सरकारी भवन, प्रहरी कार्यालय, उद्योग र व्यापारिक भवन, राजनीतिक पार्टीका कार्यालय र नेताका घर जलाएर खरानी बनाउने काम भयो ।

जेन-जीको आडमा आपराधिक भीडले गरेको तोडफोड, आगजनी, लुटपाट र कुटपिटले आमनेपालीमा ठूलो डर, त्रास र भय पैदा भएको छ । नेपालको इतिहासमै नभएको भयंकर ठूलो दुर्घटनाले आमनेपालीमा पारेको मानसिक असर कम भएको छैन । यस्तो मानसिक असरबाट मुक्त नभई जनता कसरी मतदान गर्न तयार होलान् त ?

साभार : कान्तिपुर ।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला








अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday